POVERTY ALLEVIATION FUND NEPAL
2060 B. S.

# गरीबी निवारण कोष

## वार्षिक प्रगति प्रतिवेदन, सुनसरी

## आ.व. २०७२/०७३

# गरीवी निवारण कोष, वार्षिक प्रतिवेदन, सुनसरी
# आव २०७२/७३

## १. जिल्लाका समग्र स्थिति र गरीवी निवारण कोष

केन्द्रीय तथ्यांक विभागले देशलाई गरीबीका आधारमा गरेको वर्गिकरणमा २३ औं स्थानमा रहेको यो जिल्ला गरीवीको हिसावले पछि परेको जिल्लाा मानिन्छ । जिल्लाका कुल जनसख्या७६३४८७ रहेकोमा पुरुषको जनसंख्या ३७१२२९ र महिलाको जन संख्या ३९२२५८ मात्र रहेको छ । गरीवीको प्रतिशत २१ प्रतिशत रहेको छ ।

## २. सुनसरी जिल्लामा कोष

केन्द्रीय तथ्यांक विभागले देशलाई गरीबीका आधारमा गरेको वर्गिकरणमा २३ औं स्थानमा रहेको यो जिल्लाको चरम गरीबीलाई कम गर्न कोषको उद्देश्य अनुरुप नै चौथो चरणमा १५ जिल्ला अन्तर्गत आ.ब. २०७२/०७३ देखि यस जिल्लामा कोषको कार्यक्रम शुरु भएको हो । सुनसरी जिल्लामा कुल ३९वटा गाविस, ३ वटा नगरपालिका र २ वटाउपमहानगरपालिका मध्ये कोषले यस आर्थिक वर्षमा १५ वटा गा.वि.सहरु.मा गरिवी निवारण कोष कार्यक्रम संचालन गरिएको छ । कोषको कार्यक्रमलाई सहजीकरण गर्नका लागि हाल यस जिल्लामा दुईवटा सहयोगी संस्था (ग्रामिण महिला उत्सुक्ता विकास मंच (फरवार्ड) दुहवी र आर. यस. डि. सी.देवांगंज सुनसरी मार्फत उक्त गा.वि.स.हरुमा कार्यत्रम संचालन भईरहेको छ । जसमा फरवार्ड दुहवी सुनसरी मार्फत आठ वटा गा.वि.स.हरु क्रमशः सत्तेरझोरा, सोनापुर, चाँदवेला, भोक्राहा, मधुवन, डुम्राहा, श्रीपुर र हरिपुर गा.वि.स.छनौट भई उक्त गा.वि.स.हरुमा कार्यत्रम संचालन भईरहेको छ ।जुन अरु गा.वि.स.हरुको तुलनामा विपन्न समुदायहरुको बस्ती धेरै छन । र ती समुदायहरुको जिवन स्तर उकास्नका निमित अवसर, स्थानिय साधन श्रोत तथा सम्भावनाको अवस्था प्रचुर मात्रामा भएतापनि उनिहरुमा शिप ज्ञान , पुजीको अभाव र स्थानिय निकायहरुमा पहुचको कमिको कारणले गर्दा खेरी उनिहरुको जिवनस्तर दिनप्रति दिन खस्किदै गईराखेको अवस्था छ । फलस्वरुप यस्ता खालका समस्याहरुको सामाधानका निमित ती समुदायहरुमा आयमुलक तथा आयआर्जन गर्ने खालको कार्यक्रम र स्थानिय स्तरमै स्वरोजगार सृजना गरी उनिहरुको आर्थिक स्तरमा टेवा पुग्न सक्ने कोषको कार्यक्रम एक मात्र उपाय देखिन आएकोले यस जिल्लामा गरिवी निवारण कोष कार्यक्रमको अति आवश्यक देखिन्छ ।

**कोषको कार्यक्रम संचालन भएका गा.वि.स.हरु नक्शामा**

**ग्रामिण महिला उत्सुकता विकास मंच (फरवार्ड) दुहवी -३ सुनसरी को सकेंत कलर**

**ग्रामिण समाज उत्थान केन्द्र (आर एस डी सी ) देवान्गंज, सुनसरी**




## २. कार्यक्रमका आधारस्तम्भहरु

## २.१. सामाजिक परिचालन

सामाजिक परिचालन कोषको चार आधार स्तम्भ मध्ये एक र अन्य तीन स्तम्भलाई प्रभावकारी बनाउनका लागि अति आवश्यक र महत्वपूर्ण स्तम्भ हो । सामुदायिक संस्था गरीबी निवारण कोषमा दर्ता भएपछि सामाजिक परिचालनकै माध्यमद्धारा सामुदायिक संस्थाका सदस्यहरुले आपसमा छलफल गरी आफ्नो ठाउँमा उपलब्ध श्रोत साधनको पहिचान गर्दै आफ्ना आवश्कता परिपूर्तिका लागि योजनाहरु बनाउँछन् । यसै प्रक्रियाद्धारा हाल सम्म कोषमा दर्ता भएका सामुदायिक संस्था र संभ्कौताको अवस्था तल तालिकामा देखाइएको छ । यस आ.व २०७२/०७३निममा १०५ वटा सामुदायिक संस्थाहरु गठन भएको छन् । जसमा ६७ वटा सामुदायिक संस्था गरीवी निवारणमा दर्ता भएर आय आर्जन गर्नका लागि कोषसंग सम्भ्कौता भएको छ । भने ४ वटा भौतिक पूर्वाधारसंग सम्बन्धित रहेकोले ती कार्यक्रमपनि सम्भ्कौता भएको छ। यसरी कोषमा दर्ता भएका सबै संस्थाहरु कार्यान्वयन भईरहेको छ ।

**तालिका-१ : कोषसंग सम्बन्धित जिल्लाको समग्र तथ्यांकिय जानकारी**

| **शिर्षक** | | **संख्या र रकम** | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| सामुदायिक संस्था | सामुदायिक संस्था गठन | **आ.व.०७२/७३** | | **हाल सम्मको जम्मा घरधुरी र रकम** | | |
| | | १०५ | रकम | संख्या | ५१९ | |
| | कोषमा दर्ता | ६७ | २२७०८३८० | १६११ | १६११ | |
| | सामुदायिक संस्था संजाल | २ | २५५१६९० | १५२ | १५२ | समुदायको योगदान |
| | सहकारीको सख्या | | | | | |
| कोषको लगानी | संभ्कौता | ७१ | २५२६००७० | | २५२६००७० | |
| | आयआर्जन तर्फ | ६७ | २२७०८३८० | ४०८ | २२७०८३८० | |
| | भौतिकपूर्वाधार तर्फ | ४ | २५५१६९० | २१ | २५५१६९० | |
| सहयोगी संस्था | | २ | | | | |
| कार्यक्रम पुगेका गा.वि.स. | | १५ | | | | |
| सामुदायिक संस्थामा आबद घरधुरी | | | | | प्रतिशत | गरीबी वर्गिकरण |
| जम्मा | | २९५८ | | | १००% | |
| गरीबी वर्गिकरण | अति गरीब(क) | २५७२ | | | ८७% | ३ ≤ महिना खानपुग्ने |
| | मध्यम गरीब(ख) | ३५९ | | | १२.% | ६ ≤ महिना खानपुग्ने |
| | गरीब(ग) | २७ | | | १% | १२ ≤ महिना खानपूग्ने |
| लिंगका आधारमा | महिला | २५७५ | | | ८७% | |
| | पुरुष | ३८३ | | | १३% | |
| जातिगत आधारमा | दलित | ११८९ | | | ४०% | |
| | जनजाति | ९५० | | | ३२% | |
| | अन्य | ६३५ | | | २२% | |
| | मुश्लिम | १८४ | | | ६% | |

## २.२ आयआर्जन

यस जिल्लामा आयआर्जन अन्तर्गत विभिन्न क्षेत्रहरु जस्तै पशुपालन तर्फ बाख्रापालन, भैंसीपालन, गाई, गोरु, कुखुरापालन आदि छन् भने कृषि तर्फ मौसमी तथा बेमौसमी तरकारी उत्पादन, अदुवा, बदाममा लगानी भएको देखिन्छ । अन्य आयआर्जन तर्फ सुन्तला खेती, मौरीपालन, खुद्रा तथा होटल व्यवसाय, निगाला, बाँसका सामाग्रीहरु बनाउने फलाम तथा तामाको भाँडाकुडाहरु बनाउने, सिलाईकटाई, सुनचाँदीको काम आदि प्रमुख छन् । यसरी आयआर्जनका लागि कोषबाट उपलब्ध गराईएका रकमलाई समुदायले चक्रकोषको रुपमा परिचालन गर्दछन् । गरीब समुदायमा यो चक्र कोषको रकम सामाजिक पूँजीका रुपमा स्थापना भएको हुँदा गरीबी निवारण कोषले यसलाई सामाजिक कोषको रुपमा व्याख्या गरेको छ ।

पशुपालन तर्फ धेरैको माग बाख्रापालनमा देखिन्छ । यसको कारण कोषको कार्यक्रममा आबद्ध घरधुरीहरु आफ्नो जग्गा जमिन यात असाध्यै न्यून भएका या हुँदै नभएका भएका कारण उनीहरुका लागि बाख्रापाल्न सजिलो हुने, फाइदा हुँदा धेरै हुने र कुनै कारणवस नोक्शानी भयो भनेपनि धेरै ठूलो ज्यायजेथा गुमाउन नपर्ने भएको हुँदा त्यसप्रति गरीबहरुको आकर्षण बढेको देखिन्छ भने कसैका लागि बाध्यता पनि देखिन्छ ।
यस आ.व. ०७२/७३ मा ६७ वटा आयआर्जन उपपरियोजनामा संझौता भएको छ भने कूल ६७ वटा आयआर्जन क्रियाकलापहरु संचालित छन् । आयआर्जन अन्तर्गत विभिन्न क्षेत्रमा भएको लगानीलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका-२: आयआर्जन अन्तर्गतका क्षेत्रहरुमा भएको लगानी**

| शिर्षक | | आ.व.२०७२/७३ | हाल सम्मको जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| आयआर्जका विभिन्न क्षेत्रमा भएको लगानी ( रु.मा) | पशुपालन (Livestock) | १२७०६००० | १२७०६००० | ६१% |
| | कृषि(Agriculture & Others) | ३२०८५०० | ३२०८५०० | १७% |
| | उत्पादनमुलक(manufacturuing& Others) | | | |
| | व्यापार(Trading) | ३९३४००० | ३९३४००० | २०% |
| | सिलाई कटाई | ४३०००० | ४३०००० | .२% |
| | क्षमाता विकास(CapacityBuilding) | ३९५००० | ३९५००० | १.८% |
| | कूल जम्मा | २०६७३५०० | २०६७३५०० | |

उल्लेखित क्षेत्रहरु मध्ये सबै भन्दा बढी अर्थात ६१% पशुपालन व्यवसाय तर्फ देखिन्छ त्यस पछि दोश्रोमा व्यापारमा २०% लगानी भएको छ । त्यस्तै सेवा र कृषि क्षेत्रमा १७% छ भने सबै भन्दकम सिलाई कटाई क्षेत्रमा .२ प्रतिशत देखिन्छ । त्यस्तै क्षमता विकासमा १.८ % लगानी भएको छ । यसरी पशुपालनमा बढी लगानी हुनुको कारण कोषका लक्षित वर्ग आफ्नै जग्गाजमिन हुँदै नभएका वा असाध्यै कम भएको हुँदा उनीहरुको अन्य व्यवसायमा त्यत्ति रुची देखिदैन । कृषिका लागि उब्जाउ जमिन र सिंचाई दुवै आवश्यक हुने र ति दुवै देखि उनीहरु टाढा भएको हुँदा कृषिमा कम माग भएको देखिन्छ । अर्को कुरा पशुपालनमा पनि धेरै जसो बाख्राको माग देखिन्छ । यसले के संकेत गर्दछ भने बाख्रा गरीबका लागि नोक्सान हुँदा कम हुने र नाफा हुँदा धेरै हुने हुँदा पनि गरीबलाई यो व्यवसाय सहज भएको हो । त्यसका लागि आफ्नै धेरै जग्गा जमिनको पनि आवश्यक नपर्ने देखिन्छ।

## २.2.1 चक्रकोषको स्थिति

**. सामुदायिक संस्थाहरुमा स्वःसञ्चालित बचत तथा ऋण कार्यक्रमको विस्तार**

ग्रामीण महिला उतसुक्ता विकास मञ्च(फरवार्ड) र ग्रामीण समाज उत्थान केन्द| द्वारा गठित १५वटा गाविसहररुमा गठन भएका १०५ वटा सामुदायिक संस्थाहरु मध्ये प्राय जसो सवै सामुदायिक संस्थाहरुमा बचतका कार्यक्रमहरु संचालन भईरहेको छ,भने गरीवी निवारण कोष वाट व्यवसाय गर्नकालागि प्राप्त अनुदान रकम ६७ वटा सामुदायिकसंस्थाहरुमा उपलब्ध भएको छ । सामुदायिक संस्थाहरुमा प्रत्येक महिनामा मासिक बैठक बसी सामुदायिक संस्थाहरुमा आवद्ध भएका सदस्यहरुले बैठकमा छलफल गरी बचत गर्ने, ऋण लगानी, व्याज असुली, हर्जना आदीको वारे निर्णयमा पास गरी सोही अनुसारको कार्यक्रम संचालन गरिराखेको छ । सामुदायिक संस्थाहरुमा यसै वर्षको असाढको अन्तिमतिर अनुदान रकम आएको हुनाले सदस्यहरुको मांग अनुसार सामुदायिक संस्थाले ऋण उपलब्ध गराउन शुरु गरेको छ । त्यसैगरी बैठकमा संकलन भएको रकमहरु संस्था भित्रका सदस्यहरुले आफनो जिवन निर्वाह गर्नको लागी सहुलियत दरमा संस्था भित्रका सदस्यहरु आफै निर्णय गरि १२ प्रतिशत व्याजको दर ले कम्तिमा ३ महिनाको अवधीको भाका राखी सोही भित्रमा सांवा र व्याज सहित संस्थामा वुझाई अर्को सदस्यहरुले त्यसैगरी रकम चलाउने व्यवस्था गरिएको छ । तर कोषवाट आएको अनुदान रकम घुम्ती कोष मार्फत कुनै व्यवसाय गर्नको लागि रकम लिएर व्यवसाय गर्न चाहेको छ भन्ने सदस्यहरुले उक्त रकम एक बर्ष भित्रमा मासिक किस्ताको फरकमा घुम्ती कोषको निर्देशनानुसार १२ प्रतिशतका दरले व्याज र साँवा एक मुष्ठ असुल उपर गरि पुनः सामुदायिक सस्था भित्रका अर्को सदस्यले उक्त रकम चलाउन सक्ने छ भनि व्यवस्था गरिएको छ । र यस कार्यक्रमको सफल्तापुर्वक संचालन गर्नका लागी तोकिएको गाविसका सहजकर्ता, सुपरभाइजर लगायत संयोजकले पनि सहजिकरणको लागि भुमिका खेलिराखेको छ ।

--------

-----------------------------------------------------------------------------------------

## २.३ भौतिक पूर्वाधार

खासगरी गरीबीको चक्रबाट बाहिर आउनका लागि गरीबीसंग प्रत्यक्ष जोडिएका र उनीहरुको जिविकोपार्जनका लागि सहयोग पुरयाउने साना भौतिकपूर्वाधारहरुको विकास महत्वपूर्ण हुन्छ । शुद्ध खानेपानी, साना सिंचाई, , कलभर्ट ,बिक्री केन्द्र जस्ता पूर्वाधारहरुले उनीहरुको जीवनस्तरमा सहजता ल्याएको छ । यस सुनसरी जिल्लामा हाल सम्म साना सिंचाई, , कलभर्ट ,बिक्री केन्दनिर्माण भएका छन् यस आ.व.०७२/७३ मा ४ वटा विभिन्न प्रकारका भौतिक पूर्वाधारहरु निर्माणका लागि संझौता भएको छर ४ वटैसंचालनमा छन् । भौतिक पूर्वाधारमा गरिएको लगानी, लाभान्वित घरधुरी तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका-३: भौतिक पूर्वाधार, लगानी र लाभान्वित घरधुरी**

| शिर्षक | | आ.व.०७२/७३ | कूल जम्मा | लाभान्वित घरधुरी | उपरियोजना को संख्या | गा.वि.स. /नगरपालिका | हाल सचालनमा रहेका परियोजना | हालसम्म सम्पन परियोजना |
|---|---|---|---|---|---|---|---|---|
| भैतीक पुर्वाधारक्षेत्रमा भएको लगानी (रु.मा) | बिक्री केन्द्र | १६९८४१४ | १६९८४१४ | १५२ | २ | साहेवगंज | २ | ० |
| | क्लभर्ट | ३३६५३५ | ३३६५३५ | २८ | १ | नरसिंह | १ | ० |
| | सिचाई | ५२५७४१ | ५२५७४१ | २७ | १ | जल्पापूर | १ | ० |
| | **जम्मा** | **२५५१६९०** | **२५५१६९०** | **२०७** | **४** | | **४** | **०** |

उल्लेखित तालिकामा देखाइको लगानी र लाभान्वितको तुलना गर्दा २०७ घरधुरीका करिब १२६० जनसंख्या यि भौतिक पूर्वाधारका परियोजनाबाट प्रत्यक्ष लाभान्वित भएका छन् । जबकी प्रतिव्यक्ति लागत करिब १००० को हाराहारीमा पर्दछ । यि भौतिक पूवार्धारबाट साहेवगंज र नरसिंह जस्ता अति दुर्गम गा.वि.स.का समुदायहरुले बाटोघाटो र बजार व्यवस्थापनमा गरी गरीब घरधुरीहरुको आय आर्जनमा थप आम्दानी हुनेछ ।

### २.३.१ सचालन तथा मर्मत सभारका स्थिति

सुनसरी जिल्लामा यसै आ. व. देखी भौतिक पूर्वाधारका ४ वटा योजनाहरु कार्यन्वयन गर्नका लागि गरीबी निवारण कोषसंग सम्झौता भएको छ । भैतिक पूर्वाधार कृयाकलाप दिगो रुपमा संचालन गर्न सामुदायिक संसथाका सदस्यहरुले मर्मत संभार कोषको स्थापना गरी संचालन गर्ने निर्णय गरेका छन ।

---------------------------------------------------------------------------------------

## २.४ क्षमता विकास

### २.४.१ सहयोगी संस्थाका कर्मचारिहरुको क्षमता विकास

गरीबी निवारण कोषले लक्षित समुदायमा लगानी मात्र गरेको छैन, त्यस लगानीको दीर्घकाल सम्म सहि सदुपयोप गरेर समुदायको गरीबीलाई न्यूनिकरण गर्ने उद्देश्य रहेको हुँदा त्यसको सहि सदुपयोगको लागि समुदायलाई आवश्य पर्ने क्षमता बृद्धि सम्बन्धि काममा सहयोग गरेको छ भने समुदायलाई सहजीकरण गर्ने सहयोगी संसथाका कर्मचारीहरुलाई विभिन्न प्रकारका तालिमहरु प्रदान गर्दै आइरहेको छ ।

**तालिका-४: सहयोगी संस्थाका कर्मचारीहरुका लागि संचालन भएका तालिम र सहभागिको विवरण**

| क्र.सं. | तालिमको नाम | सहभागिहरु | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | दलित | जनजाति | अन्य | जम्मा | महिला | पुरुष |
| १ | सामाजिक परिचालन तथा धुम्तिकोष व्यवस्थापन तालिम | ० | ० | ५ | ५ | १ | ४ |
| | जम्मा | | | | | | |

### २.४.२ सामुदायिक संस्थाका सदस्यहरुको क्षमता विकासः

सहयोगी संस्थाहरु मार्फत सामुदायिक संस्थाको प्रमुख पदाधिकारीहरुको लागि नेतृत्व विकास, लेखाव्यवस्थापन, जस्ता संस्था संचालन सम्बन्धि तालिमहरु संचालन भएको छन् भने व्यवसाय विकासका लागि व्यवसाय अनुसार बाख्रापालन, बंगुरपालन, तरकारी तथा फलफुल खेती सम्बन्धि तालिमहरु र अन्य सिप विकाससंग सम्बन्धित तालिमहरु समेत संचालन गरिएका छन् । सामुदायिक संस्थाहरुलाई प्रदान गरिएका तालिम र तालिममा सहभागिहरुको जानकारी तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका-५ ::सा.सं.का पदाधिकारी तथा सदस्यहरुका लागि संचालन गरिएका क्षमता विकास सम्बन्धि तालिम र सहभागिकोविवरण**

| क्र.सं. | तालिमको नाम | सहभागिहरु | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | दलित | जनजाति | अन्य | जम्मा | महिला | पुरुष |
| १ | नेतृत्व विकास तालिम २ दिन | ५३ | २७ | २३ | १०३ | ९५ | ८ |
| २ | लेखा व्यवस्थापन तालिम ३ दिन | २८ | ९ | १५ | ५२ | ३८ | १४ |
| ३ | व्यवसाय छनौटतालिम | ५३३ | ४५४ | ४२७ | १४१४ | १३०८ | १०५ |
| ४ | पशु पालन तथा कृषि तालिम २ दिने | ५३३ | ४५४ | ४२७ | १४१४ | १३०८ | १०५ |
| | **जम्मा** | **११४७** | **९४४** | **८९२** | **२९८३** | **२७४९** | **२३२** |

सामुदायिक संस्थाका सदस्यहरुले माग गरेको व्यवसायलाई जोखिमरहित बनाई बढी उत्पादनमूलक बनाउन व्यवसाय विकास तथा प्रबर्द्धन जस्ता तालिमहरुको लागि कोषले सहयोग गर्दै आइरहेको छ । सामुदायिक संस्थामा यस्ता तालिमहरु सहयोगी संस्थाहरुले संचालन गर्दछन् । आ.व. ०७२/७३ मा तल तालिकामा उल्लेख गरिए अनुसारका तालिमहरु प्रदान गरिएको थियो ।

**तालिका-६ : व्यवसाय विकास तालिम र सहभागिको विवरण**

| क्र.सं. | तालिमको नाम | सहभागिहरु | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | दलित | जनजाति | अन्य | जम्मा | महिला | पुरुष |
| १ | पशु पालन तथा कृषि तालिम २ दिने | ५३३ | ४५४ | ४२७ | १४१४ | १३०८ | १०५ |
| | जम्मा | ५३३ | ४५४ | ४२७ | १४१४ | १३०८ | १०५ |

## ३.सहयोगी संस्था

जिल्लामा कोषको प्रवेश २०७१ मा भएपनि समुदायमा कामको शुरुवात भने आ.व.२०७२/७३ देखि शुरु भएको हो । समुदायमा सामाजिक परिचालन, सहजीकरण, प्राविधिक सहयोग, अनुगमन आदि जस्ता कार्य समुदायको नजिकमा रहेर गर्नका लागि यस जिल्लामा २ वटा गैरसरकारी संस्थाहरुले कोषका सहयोगी संस्थाका रुपमा कार्य गरिरहेका छन् ।

। समुदायमा आधारित गैर सरकारी संस्थाहरु स्थानीय निकाय, अन्य सेवा प्रदायक प्राइभेट निकायहरु समेत कोषका संभाव्य सहयोगी संस्थाहरु हुन सक्ने कोषको प्राबधान रहेको छ । यि सहयोगी संस्थाहरुको काम समुदाय परिचालन, सहजीकरण, सामुदायिक संस्थाहरुको क्षमता विकासमा सहयोग पुर्‍याउनुको अलवा सामुदायिक आयोजनाको पहिचान, योजना तर्जुमा, कार्यान्वयन, निर्माण तथा संचालन र मर्मत संभारमा सहयोग पुर्‍याउनु हो । यसरी सुन्सरी जिल्लाका १५ गा.वि.स.मा सहयोगी संस्थाहरुले सामुदायिक संस्थाहरुलाई उल्लेखित सहजीकरणमा सहयोग पुर्‍याएका छन् ।

**तालिका-७ : सहयोगी संस्था र कार्यरत गा.वि.स.हरु**

| क्र.सं | सहयोगी संस्थाको नाम | कार्यरत गा.वि.स. | कैफियत |
|---|---|---|---|
| १ | **ग्रामीण महिला उत्पसुकता विकास मंच** | हरिपुर, श्रीपुर, मधुवन, भोक्राहा, डुम्राहा,सतेरझोरा,चाँन्दबेला र सोनापुर | |
| २ | **ग्रामीण समाज उत्थान केन्द्र** | अमडुवा,साहेवगंज,घुस्की,बसन्तपुर,रामनगरभुटाहा,जल्पापुर,नरसिंह | |

## ३.१ सहयोगी संस्थामा कार्यरत जनशक्ति

कोषका लागि कार्यरत सबै सहयोगी सस्थाका कूल ११ जना कर्मचारीहरु मध्ये जातिगत रुपमा १जना दलित, ४ जना जनजाति, र अन्यमा ६ जना रहेका छन् भने लैंगिक अधारमा ३ जना महिला र ८जना पुरुष कर्मचारीहरु छन् ।

## ३.२ सहयोगी संस्थालाई निकासा

सामुदायिक संस्थाहरुलाई सामाजिक परिचालन, सहजीकरण, प्राविधिक सहयोग आदि सेवा उपलब्ध गराउन कोषको मापदण्ड अनुसार प्रतिस्पर्धाका आधारमा छनौट भएका २ वटा सहयोगी संस्थाहले यस सुनसरी जिल्लामा काम गर्दै आइरहेका छन् । कोषले यी सहयोगी संस्थाहरुसंग उनीहरुको कार्य सम्पादन मूल्यांकनका आधारमा वार्षिक रुपमा संझौता गर्दै आइरहेको छ । उल्लेखित कार्य गर्नका लागि सहयोगी संस्थाहरुसंग कोषले अलग्गै संझौता गर्दछ ।

सहयोगी संस्थाहरुको लागि आ.व.०७२/७३मा कुल रकम रु. ३३,४४,२३० छुट्टाइएको थियो । जहाँ६३% सामाजिक परिचालन , ३.७प्रतिशत अनुगमन, मूल्यांकन तथा प्रतिवेदनमा बाकी अरु अन्य क्रियाकलापमा थियो । सामाजिक परिचालन अन्तर्गत सहयोगी संस्थाका कर्मचारीहरुको तलब र दुर्घटना विमा, नयाँ गा.वि.स.मा कोष र यसको कार्यक्रम संचालन प्रक्रिया सम्बन्धमा गा.वि.स. र वार्ड स्तरीय अभिमूखिकरण, सामुदायिक संस्था गठन पश्चायत तिनीहरुका लागि मसलन्द सहयोग जस्तैः रजिष्टर, छाप, क्याल्कुलेटर, बाकस, फाइल आदि, सामुदायिक संस्थाहरुको परियोजना प्रस्तावना तयारी आदि जस्ता खर्चहरु समावेश छन् भने प्राविधिक सहयोग अन्तर्गत सामुदायिक भौतिक पूर्वाधार निर्माणको लागि पूर्व संभाव्यता अध्ययन, विस्तृत प्रतिवेदन,

प्रस्तावना तयारी र इन्जिनियरिङ्ग खर्च समावेश छ । त्यसै गरी यसै अन्तर्गत भेटेनरी तथा कृषि प्राविधिकको तलब समावेश गरिएको छ । जसले पशुपालन, तरकारी तथा फलफुल खेत गर्ने समुदायिक संस्थाका सदस्यहरुलाई आवश्यक तालिम तथा सहजीकरणको काम गर्दछ । यसै गरी क्षमता विकास अन्तर्गत सामुदायिक संस्थाका सदस्यहरुलाई नेतृत्व विकास, लेखाव्यवस्थापन, वचत तथा ऋण व्यवस्थापन जस्ता तालिम प्रदान गरिएको छ भने सहयोगी संस्थाहरुका लागि पनि सामुदायिक संस्थाहरुको क्षमता विकासको आवश्यकता अनुसारका प्रशिक्षक प्रशिक्षण तालिम प्रदान गरिएको छ । यस वर्ष सहकारी व्यवस्थापन तालिम र प्यूठान र कपिलवस्तु जिल्लामा संचालिन कोषका विभिन्न कार्यक्रमहरुको अध्ययन भ्रमण सहयोगी संस्थाका कर्मचारीहरुबाट भएको थियो ।

त्यसै गरी कोषको कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्नका लागि जिल्ला स्थित विभिन्न विषयगत कार्यालयहरु, राजनीतिकदलहरु र स्वंय सहयोगी संस्थाका कार्यकारीहरुबाट अनुगमन तथा मूल्यांकनका लागि उल्लेखित रकम सो शिर्षककमा छुट्टाइएको थियो र सोहि अनुसार अनुगमन गर्ने कार्य पनि भएको छ ।

### ३.३ सहयोगी संस्थाहरुको मुल्याकन

सुनसरी जिल्ला कार्यकम संचालन भएको हिसावले नया जिल्ला भएको हुनाले यस आर्थिक वर्षमा सहयोगी संस्थाको मूल्याङन गरेको छैन ।

## ४. संस्थागत विकास तथा दीगोपना

कोषको लगानीको सदुपयोगका लागि सामुदायिक सस्थाहरुको क्षमता र संस्थागत विकासमा कोषले जोड दिएको छ । समुदायको संस्थागत विकासद्धारा नै उनीहरुको जीवनस्तरमा सुधार ल्याउन सकिन्छ भन्ने उद्देश्य अनुसार समुदायको संस्थागत विकासका लागि सामुदायिक संस्थाका पदाधिकारी एवं सदस्यहरुलाई संस्थागत विकास तालिम प्रदान गरिएको छ । त्यसै गरी लेखाव्यवस्थापन, वचत तथा ऋण परिचालन जस्ता तालिमले उनीहरुको संस्थागत विकासमा सहयोग पुर्याएको छ । संस्थाका सदस्यहरु महिनाको एउटा तोकिएको दिनमा भेला भई बैठक बस्ने, आफ्ना समस्याका बारेमा छलफल गर्ने र समस्या समाधानका लागि योजना बनाउने, सम्बन्धित निकायको सामुहिक प्रयासद्धारा धानाकर्षण गराउने जस्ता कामले उनीहरुको संस्थागत विकासमा सहयोग गरेको छ ।

### ४ १ स्थानीय स्रोत व्यक्तिको परिचालन

ह्ाल सम्म यस जिल्लामा स्थानीय स्रोत व्यक्ति परिचालन गरेको छैन। तर प्रत्येक गा.वि.स.मा स्थानीय श्रोत व्यक्ति छनौट गरी तालिम दिने योजना रहेको छ ।

### ४.२ सामुदायिक सस्थाका सचाल (नेटवोर्क)

छरिएर रहेका सामुदायिक संस्थाहरुलाई एउटा छाता संगठन भित्र आबद्ध गरी आफ्ना समस्याहरुलाई सामुहिक रुपमा बुलन्द गराउन सक्ने वातावरणलाई सहज बनाउन सामुदायिक संस्थाहरुको गा.वि.स.स्तरीय संजालहरु निर्माण भएका छन् । यस सुनसरी जिल्लामा हालसम्म सामुदायिक संस्थामा संजाल नभएपनि भौतिक पूर्वाधार कृयाकलाप संचालन गर्न दुई वटा संजालहरु गठन भएको छ ।

## ५. अनुगमन तथा मूल्यांकन

अघिल्ला आ.व.मा जस्तै यस आ.व.२०७२/७३ मा पनि संचालित कार्यक्रमको विभिन्न तह र निकायबाट अनुगमन गर्ने काम भयो । सामुदायिक संस्था आफैले अनुगमन उपसमिति बनाई आफ्ना सदस्यहरुले गरेका विभिन्न क्रियाकलापहरुको अनुगमन गर्ने व्यवस्था भए अनुरुप नै अनुगमन गरेको देखिन्छ । त्यस्तै सामुदायिक संस्थाहरुको संजाल बनेपछि संजालले पनि आफ्ना सदस्य संस्थाका सदस्यहरुले गरेका क्रियाकलापहरु जस्तै माग अनुसारको क्रियाकलाप संचालन गरे नगरेको, समयमा चक्रकोष तथा सो को व्याज असुली भए नभएको अनुगमन गर्ने गरेका छन् । त्यस्तै सहयोगी संस्थाका कर्मचारी तथा पदाधिकारी/सदस्यहरुबाट पनि कार्यक्रमको अनुगमन भइरहेको छ ।

त्यसै गरी गरीबी निवारण कोषबाट निरन्तर अनुगमन भइरेहको छ । यसरी हुने अनुगमनमा कार्यक्रम संचालन प्रक्रियामा अनुगमन, स्वीकृत माग अनुसारको श्रोत साधन समुदायमा पुगेनगुगेको, त्यस अनुसारको काम भए नभएको जस्ता कार्यक्रम शुरु देखि त्यसले दिने अन्तिम प्रतिफल सम्मको अनुगमन भएका छन् ।

त्यस्तै सहयेगी संस्थाले आफ्नो कार्य क्षेत्र भित्रका कार्यक्रमको अनुगमन तथा मूल्यांकनको लागि जिल्ला स्थित सबै सरोकारवाला निकायहरु जस्तैः जि.वि.स., विषयगत कार्यालय, राजनीतिक दलका प्रतिनिधिहरु, पत्रकारहरुको संयुक्त टोलिबाट अनुगमन तथा मूल्यांकन गराउने काम भएको छ भने धेरै जसो गा.वि.स.मा गा.वि.स. सचिवहरुद्धारा अनुगमन तथा मूल्यांकन भएको छ । यसबाट कार्यक्रमका राम्रा तथा कमजोर पक्षहरुको पहिचान भई सुधारका प्रयासहरु पनि भएका छन् ।

अनुगमनतथा मूल्यांकनको काम  गरीवी निवारणकोषवाट मिति २०७२ माघ १०गते बोर्ड सदस्य श्री रिषिराज लुम्साली ज्यूवाट भएको थियो भने २०७२ फाल्गुन १४ गते मोती प्रसाद शर्मा सरवाट भएको थियो त्यसै गरी जिल्ला विकासको तर्फलगायत सरोकारवालाहरुवाट ४पटक अनुगमन तथा मूल्यांकन भएको थियो ।
अनुगमनकै सिलसिलामा अर्को महत्वपूर्ण कुरा के छ भने सामुदायिक संस्था दर्ता हुनु भन्दा अ धि सामुदायिक संस्था बनाउँदा सबै प्रक्रिया, पुरा गरेर, उद्देश्य बुझ्रेर सबैको सहभागितामा गरिएके हो होइन जस्ता कुराहरुको जाँचपड्ताल गर्न सम्बन्धित सामुदायिक संस्थामा नै गई समुदायसंग पुनः सो सम्बन्धमा अन्तर क्रिया गर्ने गरिन्छ । त्यस बखत कोषको परिभाष भित्र परेका गरीबहरु छुटेका भए र उनीहरुको स्वइच्छा भए समावेश गर्ने र कोषको परिभाषा भन्दा बाहिरको व्यक्ति समावेश भएको भए समुदायकै रायसुझावमा हट्ने/हटाउने काम पनि भएका छन् । त्यसै गरी सामुदायिक संस्थासंग संझौता हुनु अधि उनीहरुले गरेका मागहरु उनीहरुको आफ्नै स्वइच्छाले मागे नमागेको, माग सो ठाउँका लागि सामान्यतया आर्थिक, प्राविधिक, सामाजिक, वातावरणीय आदि हिसाबले उचित भए नभएको उनीहरुसैगै पुनः अन्तरक्रिया, छलफल गरी हेर्ने गरिन्छ । यसका लागि भौतिक पूर्वाधार सम्बन्धि परियोजना भए सम्बन्धित विषयको इन्जिनियर पठाउने गरिएको छ । यो प्रक्रिया सबै सामुदायिक संस्था र सबै परियोजनामा गर्ने काम भएको छ ।

५.१ सिर्जनशिलता तथा उत्कृष्ट प्रयाशहरु(Innovation and Best practices)

---

- पशु विमा

---

५.२  सामाजिक पुन मुल्याकन परिणाम(Social Reassessment Result)

-------------------------------------

**नया जिल्ला भएको**

## ६ समन्वय तथा सहकार्य

गरीबी निवारण जस्तो कठिन विषयलाई संबोधन गर्न कसैको पनि एक्लो प्रयासले सम्भव हुँदैन त्यसैले यसमा सबै सरोकारवाला पक्षहरुको सहभागिता आवश्य हुन्छ भन्ने सबैले स्वीकारेको निर्विवाद विषयलाई कोषले पनि आत्म साथ गरेको छ र त्यसै अनुरुप यस सुनसरी जिल्लामा पनि सरोकारवाला निकायहरुसंग निरन्तर समन्पवय र सम्पर्कमा रहिरहेको छ ।

### ८.१ जिल्ला गरीवी निवारण समन्वय समिति र जिविससगको सहकार्य

जिल्लामा गठन गरिएको जिल्ला गरीवी निवारण समन्वय समितिको जानकारी तथा गरेका काम समावेश गर्ने
यस्तै जिविसलाई दिएको २ लाख वजेट  जुन जिल्ला विकास सिमतिमा उपलब्ध गराएको छ । ती रकमहरुवाट
यसै गरी सम्पर्क तथा सम्बन्ध विस्ताका लागि कोषका जिल्लामा कार्यरत सहयोगी संस्थाहरुले जिल्ला विकास समितिमा चौमासिक, वार्षिक र जि.वि.स.ले माग गरेका वखत कार्यक्रम सम्बन्धमा प्रतिवेदन पेश गर्ने गरेका छन् । सहयोगी संस्थाहरुबाट

पेश भएका कार्यक्रम तथा बजेटलाई जिल्ला विकास योजनामा समावेश गर्ने गरिएको छ । यसै गरी गा.वि.स.हरुमा समेत गाउँ परिषदमा उपस्थित भई आआफ्ना कार्यक्रमहरुको बारेमा जानकारी दिने र समिक्षा गर्ने गरिएको छ । यसबाट समन्वय र सम्पर्कमा विस्तार भइरहेको छ । त्यस्तै कोषबाट पनि चालु आ.व.को प्रगती, समिक्षा र आगामी आ.व.को कार्यक्रम तथा बजेट पेश गर्ने कार्य भएको छ।

### ८.१ अन्यसरोकारवाल निकायसंग समन्वय तथा सम्बन्ध

कोषले कहिले आफ्नै पहलमा र कहिले सहयोगी संस्थाहरु मार्फत जिल्ला स्थित सबै विषयगत सरकारी कार्यालय, जिल्लामा क्रियाशिल राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुका प्रतिनिधि, राजनितिक दलका प्रतिनिधिहरु, संचार माध्यमका प्रतिनिधिहरुसंघको बीचमा जिल्लामा संचालित कोषका कर्यक्रमका सम्बन्धमा समिक्षा एवं अन्तरक्रिया गर्ने गराउने काम भएको छ । यस समिक्षा अवधीमा जिल्ला विकास समितिमा २ पटक यस्ता समिक्षा कार्यक्रमहरु सम्पन्न भएका छन् । छलफलकै आधारमा कतिपय परियोजनाहरु संयुक्त प्रयास/लगानीमा भएका छन् । डौड र तोलेनी गा.वि.स.मा सम्पन्न २ वटा लघुजलविद्युतभ कोष, जिल्ला उर्जा विकास कार्यालय, गा.वि.स.र समुदायको साझेदारीमा सम्पन्न भइसकेका छन् भने बाँकी २ वटा पनि सोहि अनुरुपनै निर्माण भइरहेका छन् । त्यसै गरी पोखरी, गाँजरी गा.वि.स.मा स्कूलल निर्माण भएका छन् ।
यसै गरी सहयोगी संस्थाहरुका बीचमा पनि मासिक रुपमा कार्यक्रमको समिक्षा तथा अनुभव आदन प्रदान गर्ने कार्य निरन्तर रुपमा भइरहेका छ ।
।

## ९ ज्ञान व्यवश्थापन तथा  सचार सवन्ध

## १०.कोषको सहयोगमा जिल्लामा संचालित कार्यक्रमबाट देखिएका केहि सकरात्मक प्रभावहरु

जिल्लामा गरिएको लगानीको समग्र प्रभाव कस्तो रह्यो भन्ने सम्बन्धमा लाभान्वित सामुदायिक संस्थाका सदस्यहरुसंग गरिएको अन्तरक्रिया, छलफल आदिबाट देखिएका केहि प्रभावहरु देहाय अनुसार छन्

- सामुदायिक संस्थामा आबद्व हुनु अघि आफ्ना दैनिकी संचालन गर्नका लागि गाउँकै साहु महाजनबाट वार्षिक ३६-६०% दरको व्याजमा ऋण लिने गर्दथे । यसरी लिएको ऋणको साँवा र व्याज त उनीहरुले फिर्ता गर्नु पर्थ्यो नै साथै ऋण लिएवापत उनीहरु साहुको घरमा विना पारिश्रमिक दासले जस्तै काम गरिदिनु पर्थ्यो । हाल त्यसमा पुरै कटौती भएको छ । सामुदायिक संस्थामा आबद्व गरीबहरुले आफ्नै संस्थाबाट आफुलाई आवश्यक पर्ने ऋण सस्तो व्याजमा लिने गरेका छन् । यसबाट उनीहरुको आफ्नो दैनिकीमा सुधार मात्र भएको छैन आयआर्जनामा बृद्वि भई आफ्ना बालबालिकाहरुलाई स्कूल पठाउने गरेको समेत पाइन्छ ।

- आफुलाई आवश्यक पर्ने ऋणका लागि आफ्नै सामुदायिक संस्थामा माग गर्ने, संस्थाका सबै सदस्यहरु बसेर एक आपसमा छलफल गर्ने उचित देखेमा आफ्ना सदस्यलाई ऋण दिने, सो ऋणको व्याज तोक्ने, ऋण असुली अबधी तोक्ने यी यावत सबै काम सामुदायिक संस्थाका सदस्यहरुले गर्ने गरेका हुँदा यस कार्यक्रम प्रति समुदायको अपनत्व भएको स्पष्ट देख्न सकिन्छ ।

- कार्यक्रम संचालन भएका गा.वि.स.का धेरै जसो महिलाहरुलाई चुलाचौका बाहेक अन्य जानकारी थिएन । हाल यस कार्यक्रममा ९० प्रतिशत भन्दा बढी महिला सदस्य छन् । आजकल उनीहरु महिनामा  तोकिएको दिनमा उपस्थित हुने एक आपसमा आ-आफ्ना समस्याहरुको बारेमा छलफल गर्ने,आ-आफ्ना हिसाब किताब राख्ने,देखाउने, सामुदायिक संस्थामा के भइरहेको छ, जानकरी लिने गर्दछन् । यसले साच्चीकै गरीब महिलाको जीवन यापनलाई सार्थकता बनाउने तर्फ उनीहरुलाई स्वतस्फुर्त बनाएको छ ।

- नागरिकता किन चाहिन्छ भन्ने अधिकांशलाई महिलाहरुलाई थाहा थिएन । सामुदायिक संस्थामा बैंक खाता संचालनको अनिवार्य नागरिकता हुनुपर्ने भएकोले सो नागरिकता बनाउने क्रममा नागरिकता नभएका सबै सदस्यहरुले नागरिकता बनानु पर्ने कुरालाई सहजीकरण गरिएको हुँदा हाल अधिकांस महिलाहरु संग नागरिकता देख्न सकिन्छ ।

- डौड, तालेनी जस्ता केन्द्रको विकासले कहिल्यै नछुने आरक्षण/संरक्षण क्षेत्र (खप्तड राष्ट्रिय निकुञ्ज) संग जोडिका घरघुरीहरु हाल लघुजलविद्युत मार्फत बत्तिमा रमाएका मात्र छैनन् मट्टितेलमा हुने सयौ रुपियाँ वचत गर्न सफल भएका छन् भने उनीहरुका केटाकेटीहरु रमाइ-रमाई पढिरहेका छन् । टेलिफोन, मुवाइलफोन, टेलिभिजन, रेडियो आदि चलाई मनोरञ्न गरेको देख्न सकिन्छ ।

- दलितहरुका लागि चिया/पानी पिउन, खाना खान होटलमा समेत अलग भाँडा राख्ने समाजका दुर गाउँहरुमा समेत दलित र गैरदलित संगै बसेर छलफलद्वारा आफ्ना सामुहिक समस्याहरुको टुंगो लगाने परिपाटीको सिर्जना हुनु कार्यक्रमको प्रतिफल हो । त्यसै गरी हाल बजारउन्मुख स्थान वरीवरिका दलितहरुको दुध समेत विक्रि हुन थालेको छ ।

## १०. सिकाई तथा चुनौतिहरु

### सिकाई

- योजनाको तयारी देखि कार्यान्वयनका सबै प्रक्रिया र तहमा समुदायको प्रत्यक्ष संलग्नता भएको हूँदा यस कार्यक्रममा समुदायले स्वामित्व लिएका छन् ।
- समुदायको प्रत्यक्ष संलग्नतामा र सघन रुपले संचालन गरिने सामुदायिक परिचालनले सामुहिक आवाजलाई बुलन्द गराउने भएकाले गरीबी र असाक्षरता व्याप्त भएको समुदायमा पनि आफ्नो जीवनस्तरलाई माथि उठाउने एउटा अवसरको रुपमा समुदायले लिएको छ भने यहि सघन र सहभागितात्मक सामाजिक परिचालनले लाखौको लागतमा सम्पन्न गरिएका भौतिक पूर्वाधारमा समुदायले स्वतस्फूर्त रुपमा योगदान गर्न सक्षम भएका छन् ।
- कोषको कार्यक्रमको प्रत्येक तहमा पारदर्शिता भएकाले समुदायले पनि सोहि अनुसार आफ्ना कार्यक्रमहरुलाई पारदर्शि तरिकाले संचालन गरेका छन् ।
- अन्तिम लक्षित वर्ग सम्म कार्यक्रम पुर्‍याउन सोहि वर्गको संस्थागत विकासलाई प्रमुख अस्त्रको रुपमा लिएको हुँदा समुदाय आफ्नो संस्थालाई संस्थागत रुपम दिन तत्पर देखिन्छन् ।
- आवाजविहिन र श्रोतसाधनविहिन कैयौ वेसाहारा जस्तै भएका गरीब महिलाहरुको कार्यक्रममा असाध्यै सहभागिता रहेको छ ।
- साझेदार संस्थाहरुको समुदाय प्रतिको सेवाभावले असाध्यै कठिन भौगोलिक वस्तिमा बसोवास भएका समुदायसम्म कार्यक्रम पुराउन सहज भएको छ । यसले सिमान्तकृत र सामाजिक बहिष्करणमा परेको समुदायको आवाजलाई अगाडी ल्याउन सहज बनाएको छ । यस कार्यक्रमले तिनीहरुको विश्वास जितेको छ ।
- विभिन्न निकाय र व्यक्तिहरुबाट हुने कार्यक्रमको निरन्तर अनुगमन प्रक्रियाले समुदायलाई आफुले संचालन गरेका कामप्रति उत्तरदायि हुन समेत सिकाएको छ ।

### चुनौति

- सामुदायिक संस्थाका अधिकांस सदस्यहरु असाक्षर भएका हुँदा उनीहरुको क्षमता विकास गरी उनीहरुको संस्थालाई स्वतस्कफूर्त रुपमा संचालन गराउन सक्ने बनाउन ।
- घुम्तिकोषको व्यवस्थापन र व्यवस्थित रुपमा संचालन गरी त्यसलाई दीर्घजीवी बनाउन ।
- भूमिहिनहरुलाई आयआर्जन क्रियाकपालहरुको विकल्प पहिचान गरी उनीहरुको आर्थिक अवस्थालाई माथि उठाउन ।
- जोखिमयुक्त पशुहरु जस्तै बाखा जस्ता पशुहरुको विमान गराई जोखिम कम गर्न ।
- उनीहरुको उत्पादनलाई बजार सम्मको पहुँचका साथै प्रतिष्पर्धी बनाउन ।
- समुदायको बढ्दो मागलाई सहि समयमा संबोधन गर्न ।

- कानूनी मान्यता प्राप्त संस्थाको रुप लिई दीर्घकाल सम्म संचालन हुन सक्ने बनाउन ।
- अन्य सेवा प्रदायक निकायहरुसंगको सेवा लिन सक्ने बनाउन ।

## ११. आगामी योजना

- आगमी आ.व.२०६७/६८ भित्र जिल्लाका सबै गा.वि.स.मा कार्यक्रम विस्तार गर्ने ।
- श्रोत भएरपनि शुद्ध खानेपानी नभएका गरीब समुदायमा शुद्ध खानेपानी पुर्‍याउन सहयोग गर्ने ।
- अन्य आधारभूत भौतिक पूर्वाधार जसले गरीबको जीविकोपार्जन प्रत्यक्ष सहयोग गर्दछ, निर्माण तथा संचालन गर्न सहयोग तथा सहजीकरण गर्ने ।
- सामुदायिक संस्थाहरुलाई आफै संचालन गर्न सक्ने बनाउन उनीहरुको संस्थागत विकास तथा क्षमता विकास जस्ता तालिमहरु संचालन गर्ने । जसले सामुदायिक संस्थाहरुलाई कानूनी मान्यता प्राप्त संस्थाहरु बन्न सहयोग पुर्‍याउने छ ।
- समुदायमा सामुदायिक पशु विमा समिति बनाई आफ्ना पशुहरुको विमा गर्ने र सो सम्बन्धि आवश्यक योजना बनाउन सहयोग गर्ने ।
- समुदायलाई आवश्यक पर्ने ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता तयार गर्न आवश्यक सहयोग उपलब्ध गराउने ।
- संभाव्यताका आधारमा विभिन्न उत्पादनका(PotentialAreas)पहिचान गरी तिनीहरुलाई(Clustering)गर्ने ।
- गरीबीको क्षेत्रमा काम गर्ने विभिन्न सरोकारवाला निकायहरुसंग समन्वय तथा सम्बन्ध विस्तार गर्ने ।

## १२ सफलताका कथाहरु

### फेरियो गाँउका महिला आर्थिक जिवन शैली

सुनसरी जिल्लाको ईनरुवा सदरमुकाम ईनरुवा देखी १४ कि.मी. पश्चिम शिव चौक देखी ३ कि.मी. दक्षिण श्रीपुर गाविस स्थित कुशियैत टोल वार्ड नं. ५ बस्ने फुलो देवी साहको परिवारमा रहेको १ छोरा र ५ छोरी गरि जम्मा ८ जनाको परिवारलाई आफनो जिविकोपार्जन गर्नको लागी एक छाक टार्न पनि धौ-धौ थियो । कहिले अर्कोको बनी गरि आउको पैसाले आफनो परिवारलाई दुई छाक मुश्किलले टार्थिन । आफ्नो बालबच्चालाई राम्रो शिक्षा दिक्षा दिने कुरा उन्को भन्दा बाहिरको कुरा थियो ।

अहिले आएर त्यस गाविसमा गरीवी निवारणकोषको आर्थिक सहयोगमा ग्रामीण महिला उत्सुकता विकास मंच फरवार्ड दुहवी-३ सुनसरीको सहकार्यमा संचालित ऐ : गरीवी न्यूनीकरण कार्यक्रम तथा सहभागीतात्मक सृजनशिल कार्यक्रम अन्तर्गत गठीत राजाजी सामुदायिक संस्था श्रीपुर ५को सदस्यको रुपमा रहेर फुलो देवी साहले गठीत संस्थावाट रु. २०,०००।- (अक्षेरेपी रु : बीस हजार मात्र ) सयकडा १२ प्रतिशतको ब्याज दर ले ऋण लिई परवल खेती संचालन गरि राम्रो आम्दानी कमाई रहेकी छिन । उनले पावल खेतीवाट एक हपताको फरकमा रु ५०००।- सम्मको बचत गर्न सक्षम भएकी छिन । अहिले आएर उनलाई छोराछोरीलाई राम्रो शिक्षा दिन अप्ठेरो छैन उन्ले आफ्नो बच्चाहरुलाई स्थानिय विधालयमा पढाई रहेकी छिन उनलाई खानको लागी २ छाकलाई अहिले कुनै किसिमको अप्ठेरो छैन । तसर्थ यस गरीवी निवारण कोष कार्यक्रमको आयआर्जा कार्यक्रमले गाँउमा रहेको दलित, गरीव,जनजाती आदीवासी,मुलिम लगायत आर्थिक सामाजिक रुपमा पछाडी





पारिएका वर्गहरुको निम्ति जिवन स्तरमा सुधारहुने कुरामा विश्वस्त छ ।

**महिला सशक्तिकरणको उत्कृष्ट नमुना सप्तकोशी सामुदायिक संस्था मधुबन -९**

आफुलाई खाँचो गाह्रो पर्दा ऋण काटी साहु महाजनलाई सयकडा ५-देखी १० रुपैया व्याज तिर्दै आएका मधुवन ९को सरदारका महिलाहरुले ऋण माग्न साहु कहा जादैनन । यहाका महिलाहरुले वि.स. २०७२ सालवाट गरीवी निवारणकोष र ग्रामीण महिला उत्सुकता विकास मंच सुनसरीले संचालन गरेको ऐ : गरीवी न्यूनीकरण कार्यक्रम अन्तर्गत आयआर्जन गर्नका लागि तरकारी खेती,पशुपालन,ब्यापार उधोग लगायत शिपमुलक कार्यक्रममा सहभागी भएर २८ जनाको समुह गठनगरि कार्यक्रम गर्न थाले । एका तिर गुन्द्री बुन्ने कामवाट समुहमा आवद्ध महिलाहरुले बजार मुखी उत्पादन तर्फ सफल्ता प्राप्त गर्दै गए भन्ने अर्को तिर समुहमा बचतका कार्यक्रम संचालन गरेर आफ्नो समुहलाई नमुना सप्तकोशी सामुदायिक संस्थाको रुपमा परिनत गराउन सफल भएका छन ।

सप्तकाशी सामुदायिक संस्था नामक उक्त संस्थामा हाल आएर २५ जनाको सदस्यहरु सहभागी छन । जसमा अधिकांश दलित सरदार जातीका महिलाहरु छन ।बचतका कार्यक्रम थालनी गर्दा मासिक ५० रुपैयाको दरले बचत संकलन गरेको छ । आफुलाई समस्या परेको वेला आफै ऋण चलाउने र मासिक व्याज समुहले नै निर्धारण गर्ने गरेको पाइएको छ । यो सप्तकोशी सामुदायिक संस्थाको हालसम्म बचत रु ४४२००।- पुगेको समुहकी सचिव सवनम चौधरीले बताउछिन । उनका अनुसार समुहको निर्णय बमोजिम आय आर्जन कामहरु जस्तै गुन्द्री ब्यापारी, बाखा पालन सरदार महिलाहरु आफै गुन्द्री बुन्ने गदछर्न । गुन्द्री बुन्ने कामका लागि समुहमा भैको बचत वाट ऋण उपलब्ध गराईन्छ , समुहका सदस्यहरुले ऋण चाहिदा १५ दिन अगाडी समुह समक्ष आफुलाई ऋण चाहिएको जानकारी गराउनु पर्छ भन्दै सवनम भन्छिन । २५ जना सदस्य रहेको यो संस्थामा दलित १८ जना जनजाती ६ जना र मुश्लिम १ जना गरी जम्मा २५ जना सदस्यहरु रहेका छन । कसैको राम्रो लेखपढ छैन, तर समुहको बैठकमा ऋण लिदा  आवश्यक पर्ने सही गर्ने भनि "हामी सबैले सिकेका छौ ।" समुहले दिएको जानकारी अनुसार संस्थावाट ऋण लिए पछि ऋणीले किस्ता किस्ता गरेर ऋण तिर्ने नियम बनाएका छौ । यो नियमवाट ऋण तिर्न कुन पनि सदस्य ऋणीलाई समस्या पर्दैन । पहिला कार्यक्रम सुरु हुनु भन्दा बचतका बारेमा आफुहरु अनाभिज्ञ रहेको बताउदै सवनम भन्छिन फरवार्डले हामीलाई प्रेरणा दियो बचतका वारेमा जानकारी गरायो, बचत गर्न सिकायो, हामीले पनि ईमान्दारी पुवर्क बचत गर्दै गयौ समस्याहरु टार्दै गयौ । उता बचत रकमहरु बढ्दै गयो, त्यसैले फरवार्ड दुहवीले हामीलाई धेरै राम्रो बाटो देखाएको छ । संस्थामा बचत गर्ने ,ऋण लिने ऋण दिने कामका अतिरिक्त तपाईको संस्थाले के कस्ता कामहरु गर्दै आएको छ भन्दा सवनम भन्छिन- " हामीले गाउँको सरसफाई र जस्को घरमा चर्पी छैन, त्यसको घरमा चर्पी बनाउन लगाएको र जुन सदस्यको बालबच्चा विधालय जादैनन, त्यसलाई विधालय पठाउन सफल भएको  र महिला सा. बनमा इपीलिपील, बकाईनौ,बाँसका विरुवाहरु ल्याई रोपेका छौ । यो संस्थाले बचत संकलन र परिचालन मात्र गरेका छैनौ ।यसले बृक्षा रोपण र त्यसको संरक्षणका क्षेत्रमा महत्वपुर्ण काम गरेर वातावरणिय सन्तुलनका क्षेत्रमा पनि समाजमा योगदान गरेको पाईन्छ ।

अव भन्ने संस्थामा संलग्न महिलाहरुका श्रीमान र छोराहरु बैदेशिक रोजगारीका लागि विदेश जादा पनि ऋण प्रवाह गर्ने पक्षमा छौ । यसरी आना सुकी जम्मा गरेको रुपैया बचत कोषमा जम्मा गर्दै आउका सप्तकोशी सामुदायिक संस्था का सावै सदस्यहरु साक्षरमात्र भएको भए पनि उनिहरु आफ्ना श्रीमानहरुको सहयोगले हिसाव किताव दुरुसतराख्दै आएका छन ।

संस्थामा संलग्न महिलाहरु बचत कार्यक्रम धेरै अनुसाशित भएको र आफुहरुले यस्तो कार्यलाई निरन्तररुपमा अगाडी बढाउने बताउदै उनीहरु भन्छन । आफ्नो भविश्यका लागि आफैले गरको बचत नराम्रो भन्ने कुरा आउदैन, फेरी आफ्नो पैसा आफैले चलाउन पाईने र सवै किसिमको गर्जो टार्न सकिने भएकाले सवैलेबचत गर्ने बानी बसाल्नु धेरै नै राम्रो कुरा हो ।

समुहमा बसेर हुने फाईदाहरुका सम्बन्धमा उनिहरु भन्छन “ हामीमा अहिले सामाजिक भावनाको विकास भएको छ । एक जनाले गरेको निर्णय भन्दा संस्थाले गरेको निर्णय धेरै राम्रो हुदो रहेछ, भनि एक अर्कामा दु:ख-सुख पनि त साटासाट हुन्छ नी ,” संस्थाको निमार्ण गरि आवश्यक सरसल्लाह दिने वाटो देखाएर उपकार गरेको भनि गरीवी निवारण कोष र फरवार्ड सुनसरीलाई धन्यवाद ।............